# नेपाल पत्रकार संघ

(रजिष्टर्ड)
केन्द्रीय कार्यालय
कालिमाटी, काठमाडौं

# नेपाल पत्रकार संघको विधान

(संस्था दर्ता ऐन, २०३४ को दफा ८(२) बमोजिम संशोधित)

(नेपाल पत्रकार संघको १८ औं महाधिवेशनको मिति १६ बैशाख २०६५
र
नेपाल पत्रकार संघको १९ औं महाधिवेशनको मिति १० आश्विन २०६८
बाट
पारित विधानमा थपघट र संशोधित सहित)

प्रकाशक : नेपाल पत्रकार संघ
पोष्ट बक्स नं. २८५
काठमाडौं ।
फोन नं. ४२६२४२६

# नेपाल पत्रकार संघको विधान

प्रस्तावना :

सम्पूर्ण पत्रकार वर्गको हक, हित, कल्याण एवं समझदारी, आपसी मेल-मिलापमा समाहित भई राष्ट्रको सर्वतोमुखी विकास र प्रजातान्त्रिक पद्धतिलाई सुदृढ बनाउन बहुदलीय व्यवस्था, जनतामा सार्वभौमसत्ता सम्पन्न र मानवाधिकारप्रति उत्तरदायी जनमतको सिर्जना गर्ने र स्वच्छ पत्रकारिताको विकास गर्ने उद्देश्यले अभिप्रेरित भई नेपाल पत्रकार संघको विधानलाई संशोधन गर्न वान्छनीय भएकोले १६औं महाधिबेशनबाट पारित गरी संशोधित विधान लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

यस संघको नाम "नेपाल पत्रकार संघ" **Nepal Journalists Association** हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधान :-

क) यस विधानमा "संघ" शब्दले - नेपाल पत्रकार संघलाई जनाउँछ ।

ख) विधान भन्नाले - नेपाल पत्रकार संघका विधानलाई सम्झनु पर्दछ ।

ग) पदाधिकारी भन्नाले - कार्य समितिका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

घ) केन्द्रीय सदस्य भन्नाले - कार्य समितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।

ङ) सदस्य भन्नाले - साधारण सभाका सम्पूर्ण सदस्यहरुलाई सम्झनु पर्दछ ।

३. संघको छाप

संघको आफ्नो छुट्टै छाप रहने छ ।

४. संघको केन्द्रीय कार्यालय

संघको केन्द्रीय कार्यालय, कालिमाटी, काठमाडौंमा रहने छ ।

## परिच्छेद २

## उद्देश्य

५. संघको उद्देश्य :

राष्ट्रको सर्वतोमुखी विकास र प्रजातान्त्रिक पद्धतिलाई सुदृढ बनाउन बहुदलीय व्यवस्था र पत्रकारिताको विकास गर्न यस संघको उद्देश्य हुनेछ ।

६. सदस्यको योग्यता :

क) पत्र-पत्रिकाका सम्पादक/प्रकाशक

ख) पत्रकारिताको क्षेत्रमा लागेका स्वतन्त्र तथा श्रमजीवी पत्रकारहरु

ग) "क" र "ख" अनुसार पत्रकारिता क्षेत्र नछाडेका तर पत्र-पत्रिका बन्द भएकाले पनि ३ वर्षसम्म संघको सदस्यता लिन सकिने छ ।

७. सदस्यको प्रकार :

क) मानार्थ विशेष सदस्य

ख) प्रमुख सल्लाहकार

ग) सल्लाहकार

घ) साधारण सदस्य

८. सदस्य शुल्क र सदस्यता प्रदान गर्ने विधि :

क) सल्लाहकार हुनलाई संघको व्यवसायिक हितको लागि सहयोग जुटाउने कम्तिमा १० (दस) वर्ष पत्रकारिता क्षेत्रमा संलग्न व्यक्तिलाई कार्य समितिको निर्णय अनुसार सल्लाहकार सदस्यता प्रदान गर्न सकिने छ ।

ख) साधारण सदस्य बन्नलाई प्रवेश शुल्क रु. ५।- (पाँच) र प्रतिमास रु. १।- (एक) रुपैया बुझाउने पत्रकारहरुलाई संघको साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

९. सदस्यको अयोग्यता :

क) नैतिक पतन भएको ।

ख) कुनै फौजदारी अभियोग लागेको ।

ग) मगल बिग्रीएको ।

घ) नेपालको पत्रकार संघको हित विपरित कार्य गरेको ।

## परिच्छेद ३

## साधारण सभा तथा कार्य समिति

१०. साधारण सभा (गठन विधि) :

क) साधारण सभा यो संघको सर्वोच्च अंग हुनेछ । संघको प्रत्येक सदस्य साधारण सभाका सदस्य मानिने छन् । तर संघको सदस्यता प्राप्त गरेको १ (एक) वर्ष नपुगेका सदस्यले वा सभा हुने मिति सम्मको वार्षिक शुल्क नबुझाएका सदस्यले साधारण सभा वा विशेष सभाहरुमा मतदान गर्न पाउने छैनन् ।

ख) साधारण सभा वर्षको एक पटक कार्य समितिले तय गरेको समय र स्थानमा हुनेछ । तर साधारण सभाका सदस्य संख्याको ३ (तीन) खण्डको १ एक) खण्डले लिखित रुपमा निवेदन दिएमा साधारण सभा कुनै पनि समयमा हुन सक्नेछ ।

ग) साधारण सभाको गणपूरक (कोरम) सदस्य संख्याको ३ (तीन) खण्डको १ (एक) खण्ड हुनेछ ।

घ) साधारण सभाले पत्रपत्रिका र पत्रकारहरुको सर्वाङ्गिण विकासको लागि योजनाहरु बनाउने छ र तिनको पूर्तिका लागि आवश्यक नीति र कार्यक्रम निर्धारित गर्नेछ ।

ङ) साधारण सभाको बैठक संघका सभापतिद्वारा नै संचालन हुनेछ ।

११. साधारण सभाको अधिवेशन :

क) साधारण सभा केन्द्रीय कार्य समितिले आवश्यकता अनुसार आफ्नो कार्य अवधिमा दुई पटक सम्म बोलाउन सक्नेछ र अन्तिम साधारण सभालाई संघको पूर्ण अधिवेशन मानिने छ ।

ख) संघको वार्षिक साधारण सभाको मिति बारे दुई महिना पहिले नै घोषणा गर्नु पर्नेछ र साधारण सभामा प्रवेश पाउन सक्ने सदस्यहरुले साधारण सभा शुरु हुने कमसेकम ४ साता पहिले नै आफ्नो शुल्कहरु बुझाई सदस्यतालाई रितपूर्वकको तुल्याउनु पर्नेछ ।

ग) वर्षेनी बस्ने साधारण सभा बाहेक आवश्यक परेमा विशेष साधारण सभा पनि बस्न सक्नेछ, जसलाई :

१) सभापतिले वा निजको निर्देशनमा महासचिवले बोलाउन सक्नेछ अथवा,

२) संघको सदस्यहरु मध्ये तृतीयाँश सदस्यले त्यस्तो सभा बोलाउन पर्ने कारण खोली लिखित माग गरेमा सभापति वा निजको अनुपस्थितिमा उप-सभापतिले बोलाउन सक्नेछ अथवा,

३) विशेष सभा बोलाउन संघको तृतीयाँश सदस्यले अनुरोध गरेको दुई महिना भित्रमा साधारण सभा बोलाउनु पर्दछ ।

१२. साधारण सभाको काम, कर्तव्य र अधिकार :

क) वार्षिक कार्य तालिकाको सम्पूर्ण विषयमा छलफल गर्ने र स्वीकृत गर्ने ।

ख) कार्य समितिद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन, आय-व्यय, लेखा-परिक्षणको प्रतिवेदन स्विकृत गर्ने र बजेट पारित गर्ने ।

ग) लेखा-परिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

घ) यस विधान अन्तर्गत रही अन्य कार्य गर्ने ।

## परिच्छेद ४

१३. कार्य समिति (गठन विधि) :

क) साधारण सभाले सभापतिको निर्वाचन समाप्त गरेको एकसाता भित्र सभापतिले त्यस साधारण सभामा उपस्थित रहेका सदस्यहरु मध्येबाट २२ सदस्यहरुसम्मको कार्य समितिको गठन गर्नेछ र तिनै २२ सदस्यहरुमध्येबाट उप-सभापति, महासचिव, सचिव र कोषाध्यक्षको नियुक्ति गर्नेछ । तर एक तिहाई सदस्यसम्म श्रमजीवी पत्रकारहरु राख्न सकिने छ ।

ख) कार्य समितिमा बरोबर मत विभाजन भएको खण्डमा मात्र सभापतिले आफ्नो मताधिकार प्रयोग गरी निर्णय दिने छ ।

ग) सभापतिले पहिलो पटक का.स.को गठन गरेपछि का.स. सदस्यलाई सभापतिले का.स.को निर्णयले मात्र हटाउन सक्ने छन् ।

घ) का.स.को सभाको कोरम एक तृतीयाँश मानिने छ ।

ङ) कार्य समितिको कार्यकाल ५ (पाँच) वर्षको हुनेछ ।

१४. कार्य समितिको बैठक :

सभापतिको निर्देशानुसार कम्तिमा ३ महिनाको एक पटक कार्य समितिको बैठक बस्नेछ ।

१५. कार्य समितिको काम, कर्तव्य र अधिकार :

क) साधारण सभा वा महाधिवेशनको निर्णय अनुसार कार्य गर्ने गराउने ।

ख) संघको काम कुराको विषयमा अध्ययन, अनुसन्धान, विचार गोष्ठी वा यस्तै संघको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार संघको कार्य समितिका पदाधिकारी वा सदस्य मध्येबाट उपसमिति गठन गर्न सकिने छ ।

ग) संघको उद्देश्य प्राप्तिका लागि यस विधानमा लेखिएका अतिरिक्त अन्य आवश्यक काम कुरा गर्न गराउन सक्नेछ ।

घ) महाधिवेशन विशेष कारणवस निश्चित समयमा हुन नसकेमा केन्द्रिय कार्य समितिले समय बढाउन सक्नेछ तर सो समय २ वर्ष भन्दा बढी हुनु हुने छैन । तदनुसार नै कार्य समितिको पदावधि पनि स्वतः कायम रहनेछ ।

## परिच्छेद ५

१६. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

१) सभापति

क) साधारण सभाद्वारा निर्वाचित संघको सभापतिको पद ५ वर्षको निम्ति हुनेछ ।

ख) संघका सबै निर्णयहरु कार्यान्वित गर्ने अन्तिम जिम्मेवारी सभापतिमा हुनेछ ।

ग) संघको सभापति पदको निम्ति उम्मेदवार हुनेले कार्य समितिको सदस्यतामा मनोनीत हुन चाहने योग्यता पूरा गरेको हुनुपर्छ ।

घ) बैठक नियमित रुपमा संचालन गर्ने

ङ) बैठकको अध्यक्षता ग्रहण गर्ने ।

च) संघको क्रियाकलाप सुचारु रुपले संचालन गर्ने ।

छ) मत बराबर भएमा निर्णायक मत दिने ।

ज) साधारण सभा तथा कार्य समितिको बैठकले निर्णय गरेको नीति नियमहरु कार्यान्वयन गराउने ।

झ) सदस्यहरुलाई निर्देशन र सल्लाह दिने ।

ञ) संघको सम्पूर्ण सम्पति, हिसाबको संरक्षण रेखदेख र नियन्त्रण गर्ने ।

ट) संघको हितको लागि अन्य कार्यहरु गर्ने ।

ठ) संघको सम्पूर्ण चल अचल सम्पतिहरु जिम्मा लिने र हिफाजत गर्ने गराउने ।

ड) सभापतिले चाहेमा कार्य समिति समक्ष राजीनामा दिन सक्नेछ ।

२) <u>उप-सभापति :</u>

क) सभापतिलाई सम्पूर्ण कार्यमा सहयोग गर्ने ।

ख) सभापतिको अनुपस्थितिमा सभापतिले गर्ने सम्पूर्ण कार्यभार सम्हाल्ने ।

३) <u>महा-सचिव :</u>

क) सभापतिको आदेशानुसार कार्य समितिको बैठक बोलाउने ।

ख) बैठकको लागि सूची तयार पार्ने ।

ग) संघको दैनिक प्रशासनिक कार्यको रेखदेख नियन्त्रण गर्ने, निर्देशन दिने र पत्राचार गर्ने ।

घ) साधारण सभामा वार्षिक प्रतिवेदन र आगामी वर्षको कार्यक्रम पेश गर्ने ।

ङ) संघको सम्पूर्ण चल अचल सम्पतिहरु जिम्मा लिने र हिफाजत गर्ने गराउने ।

४) सचिव :

क) महा-सचिवलाई पूर्ण रुपले सहयोग गर्ने ।

ख) महा-सचिवको अनुपस्थितिमा कार्य गर्ने ।

५) जन-सम्पर्क सचिव :

क) जन-सम्पर्क सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने, गराउने र गर्न सहयोग गर्ने ।

६) कोषाध्यक्ष :

क) संघको आम्दानी खर्चको हिसाव राख्ने पूरा जिम्मा कोषाध्यक्ष मै रहने छ ।

ख) प्रत्येक खर्चको स्वीकृति कोषाध्यक्षले कार्य समितिबाट लिनु पर्नेछ । पछि अन्तिम स्वीकृतिका लागि वर्ष भरिको खर्च साधारण सभाबाट पनि पास गराउनु पर्नेछ ।

ग) संघको नियमित खर्चका लागि सभापतिको स्वीकृति लिई कोषाध्यक्षले रु. १०,०००।- (दश हजार) सम्म खर्च गर्न सक्नेछ ।

घ) कोषाध्यक्षले संघको धन रु. १,०००।- (एक हजार) भन्दा बढी भएमा बैंक दाखिला गर्नु पर्छ ।

ङ) बैंकमा रहेको संघको धन सभापति, महासचिव र कोषाध्यक्ष मध्ये कुनै २ जनाको संयुक्त हस्ताक्षरद्वारा खाता संचालित हुनेछ । तर यसमा कोषाध्यक्षको दस्तखत भने अनिवार्य हुनेछ ।

च) संघको सम्पूर्ण चल अचल सम्पतिहरु जिम्मा लिने र हिफाजत गर्ने गराउने ।

## परिच्छेद ६

## आर्थिक व्यवस्था

१७. आर्थिक स्रोत

क) सदस्यता शुल्क, प्रवेश शुल्क आदिवाट प्राप्त रकम ।

ख) दान, अनुदान, चन्दा, उपहार आदिबाट प्राप्त रकम आदि ।

ग) संघले प्राप्त गरेको वा अन्य रकम नै मुख्य आर्थिक स्रोत हुनेछ ।

घ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम आदि ।

१८. चल अचल सम्पतिको विवरण :

संघले चल अचल सम्पति प्राप्त गर्ने र संघको उद्देश्य प्राप्तिका लागि त्यस्तो कुनै सम्पति कार्य समितिद्वारा निर्वाध प्रयोग गर्न सक्नेछ र साथै संघको सम्पूर्ण हितका निम्ति किनवेच गर्न सकिने छ । संघको सम्पत्ति संघको हितका लागि बैंकहरुमा धितो राख्न सक्नेछ ।

नेपाल पत्रकार संघको स्वामित्वमा का.म.पा. वडा नं. १३, कालिमाटी स्थित २.५ तल्ले पक्की घर रहेको छ ।

१९. कोष

कोषको संचालन सभापति, महासचिव र कोषाध्यक्षमध्ये कुनै २ जनाको संयुक्त हस्ताक्षरद्वारा नेपालमा स्थापित कुनै बैंकहरुमा खाता खोली संचालन गरिने छ र यसमा कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ ।

२०. लेखापरिक्षण :

क) श्री महालेखा परिक्षकको विभागद्वारा मान्यता प्राप्त रजिष्टर्ड लेखा परिक्षकद्वारा प्रत्येक वर्ष संघको हरहिसाब लेखापरिक्षण गराइने छ ।

ख) संघको हिसाब विवरण लेखापरिक्षण प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारी समक्ष पेश गरिने छ ।

## परिच्छेद ७

## विविध

२१. जिल्ला शाखा :

क) संघको सात वा सात भन्दा बढी रहेको जिल्लामा नेपाल पत्रकार संघको जिल्ला शाखा गठन हुन सक्नेछ ।

ख) दफा (१) अनुसार कुनै जिल्लामा जिल्ला शाखा गठन गर्नु परेमा नेपाल पत्रकार संघको कार्य समितिसित अनुमति लिएर कार्य समितिले त्यस कामका निमित्त खटाएको संघको सदस्यको रेखदेखमा जिल्ला शाखाको गठन र पदाधिकारीको निर्वाचन हुन सक्नेछ ।

ग) जिल्ला शाखाको सदस्यको सभाले जिल्ला शाखाको निर्वाचन गर्नेछ ।

घ) जिल्ला शाखाका सभापतिले जिल्ला शाखा उप-सभापति, सचिव र कोषाध्यक्ष मनोनित गर्नेछ ।

ङ) जिल्ला शाखाको कार्य क्षेत्र सम्बन्धी जिल्लाको पत्रिकारिताको विषय मात्र रहनेछ ।

च) जिल्ला शाखा सम्बन्धी नियमहरु संघको केन्द्रीय कार्य समितिले बनाउने छ ।

छ) शाखा, उप-शाखा गठन गर्दा कानूनको रित पुऱ्याई खोलिने छ ।

२२. अविश्वासको प्रस्ताव :

क) संघको सभापति वा अन्य पदाधिकारीको विरोधमा अविश्वासको प्रस्तावमा सदस्य संख्याको एक तिहाईबाट आएमा १५ दिनभित्र उक्त अविश्वासको प्रस्तावमा छलफल गर्न कार्य समितिको बैठक बस्नेछ ।

ख) यस्तो प्रस्ताव कार्य समितिमा आएपछि परिच्छेद ३ को उप-दफा (ग) अनुसार विशेष सभा आव्हान गरिने छ ।

ग) यस प्रस्तावमा विशेष साधारण सभाको बैठकमा छलफल हुँदा संघको सदस्य संख्याको ३ खण्डको २ खण्ड द्वारा प्रस्ताव स्वीकृत भएमा मात्र अविश्वासको प्रस्ताव पारित मानिने छ ।

घ) अविश्वासको प्रस्ताव आएमा पदाधिकारीलाई आफ्नो पक्षमा सफाई दिने पूरा मौका साधारण सभाले दिनेछ ।

२३. अनुशासनको कारवाही :

क) कुनै पनि सदस्यको कारवाही वारे कुनै ५ जना सदस्यको उजुरी पर्नु पर्दछ र कार्य समितिले २ सदस्यहरुको उक्त उजुरीमा समर्थन हुन्छ भने कार्य समितिमा सो उजुरी पेश हुन सक्तछ ।

ख) यस्तो उजुरीमा सदस्यले संघको उद्देश्य प्रतिकूल कार्य गरेको हो भन्ने कार्य समितिलाई लाग्दछ भने निम्नलिखित कारवाही गर्न सक्तछ :-

१) सम्झाउने-बुझाउने

२) केही नसिहत दिने र

३) सदस्यता नै मुअतल (स्थगित गर्ने)

२३.१ यसरी कार्य समितिले गरेको कारवाही बारे पछि साधारण सभावाट स्वीकृति लिनु पर्नेछ ।

२४. विधान संशोधन :

साधारण सभामा उपस्थित सदस्य संख्याको ४ खण्डको ३ खण्ड बहुमतद्वारा संघको विधानमा संशोधन गर्न सकिने छ । तर स्थानिय अधिकारीको स्वीकृति लिएर मात्र संशोधित विधान लागू हुनेछ ।

२५. नियम बनाउने :

क) यस विधानको उद्देश्य पूर्तिको लागि कार्य समितिले साधारण सभाको स्वीकृति लिई नियम विनियमहरु कानूनको रित पुर्‍याई बनाउन सकिने छ ।

ख) कार्य समितिले संघको विविध कार्य गर्न स्थायी वा अस्थायी समितिहरु कानूनको रीत पुर्‍याई गठन गर्न सक्ने छ ।

२६. कार्य क्षेत्र

यस संघको कार्य क्षेत्र नेपाल अधिराज्यभर हुनेछ ।

२७. संस्थाको विघटन :

संघको विधान बमोजिम कार्य संचालन गर्न नसकि वा अन्य कुनै कारणवस संघ विघटन भएमा संघको सम्पूर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ ।

२८. निष्कृय :

यस विधानमा जे जस्तो लेखिएको भएता पनि प्रचलित ऐन कानूनसँग बाँझिएमा, बाँझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।